# मिति २०७५/०९/०६ गते बसेको सिद्ध कुमाख गाउँ कार्यपालिकाको बैठकका निर्णयहरू

बैठक संख्याः ०७५/७६—१०

**निर्णय नं १**

सिद्ध कुमाख गाउँपालिका अन्तर्गत साविकका स्थानीय निकायबाट स्थायी नियुक्ती पाई स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम समायोजन भएका तपसिलका कर्मचारीहरुलाई कर्मचारी समायोजन अध्योदेश २०७५ को दफा ६ को उपदफा (४) बमोजिम यस गाउँपालिकाको स्वीकृत संगठन तथा दरबन्दीमा रिक्त रहेको देहाय बमोजिमको तहको पदमा समायोजन गरि पदस्थापन गर्ने सर्वसम्मत निर्णय गरियो।

| क्र सं | कर्मचारीको नाम थर | हाल कार्यरत | | समायोजन गरिएको | | पदस्थापन गरिएको कार्यलय |
|---|---|---|---|---|---|---|
| | | पद | तह | पद | तह | |
| १ | कृष्ण बहादुर चलाउने | खरिदार | सहायक स्तर चौथो | खरिदार | सहायक स्तर चौथो | सिद्ध कुमाख गाउँपालिका २ नं वडा कार्यालय |
| २ | मनोज योगी | असिस्टेन्ट सव इन्जिनियर | सहायक स्तर चौथो | असिस्टेन्ट सव इन्जिनियर | सहायक स्तर चौथो | सिद्ध कुमाख गाउँपालिका ५ नं वडा कार्यालय |

**निर्णय नं २**

सिद्ध कुमाख गाउँपालिका अन्तर्गतका विद्यालय स्वास्थ्य संस्था तथा अन्य सामुदायिक संस्थाको आ व २०७४।७५ को लेखापरीक्षणको लागि यस कार्यालयमा सूचिकृत दर्तावाल लेखापरीक्षक मध्ये तपसिलका लेखापरीक्षकहरूलाई नियुक्त गर्ने सर्वसम्मत निर्णय गरियो।निजहरूको कार्यविवरण प्रमुख प्रशासकीय अधिकृतले तोके बमोजिम हुनेछ।

<u>तपसिल</u>

१. श्री भागीराम बस्नेत
२. श्री द्धारिका दाश श्रेष्ठ
३. श्री मञ्जु प्रशाद श्रेष्ठ

**निर्णय नं ३**

सिद्ध कुमाख गाउँसभाबाट आ व २०७५।७६ को लागि स्वीकृत तपसिलका योजना तथा स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तर्गत आ व २०७५।७६ मा सिद्ध कुमाख गाउँपालिका क्षेत्रभित्र संचालित हुने तपसिलका योजनाहरु उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने सर्वसम्मतले निर्णय गरियो।

<u>तपसिल</u>

<u>गाउँपालिका अन्तर्गतका योजना</u>

१. चोरपानी खानेपानी योजना (वडा नं ३, रू २५ लाख)

२. छापडाँडा खानेपानी निर्माण (वडा नं ५ , रू १५ लाख)

३. उपल्लो बाँझकाँडा क्रमागत सडक (वडा नं १, रु १० लाख)

<u>स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तर्गतका योजनाहरु</u>

१. रासी लोकमार्गको चाख्लीघाट कुमाख जिमाली थापाचौर हुदै त्रिवेणी रागेचौर रुकुम जोड्ने क्रमागत सडक (रु ५० लाख)
२. हात्तीजुरा फलाटे सिंचाई आयोजना (रु १५ लाख)
३. काजीका वगर सिमलटारी बाँध सिचाइ कुलोको लागि नदी तटबन्ध आयोजना (रु १० लाख)

**निर्णय नं ४**

सिद्ध कुमाख गाउँ कार्यपालिकाको कार्यालयमा घ वर्गको निर्माण व्यवसायी इजाजत पत्रको लागि निवेदन दिने निर्माण ब्यवसाहीहरुको योग्यता सम्बन्धी जाँचबुझ गर्ने तथा मेसिनरी औजारहरुको स्थलगत निरिक्षण गर्न तपसिल बमोजिमको तिन सदस्य जाँचबुझ समिति गठन गर्ने सर्वसम्मतले निर्णय गरियो।

| | |
|---|---|
| इन्जिनियर एक जना | संयोजक |
| लेखा प्रमुख एक जना | सदस्य |
| सव इन्जिनियर वा असिस्टेन्ट सव इन्जिनियर एक जना | सदस्य |

**निर्णय नं ५**

सिद्ध कुमाख गाउँपालिकाका सबै वडा कार्यालय तथा माध्यमामिक विद्यालयमा इन्टरनेट जडान गर्ने र उक्त कार्यको लागि सुचना प्रणाली तथा सफ्टवेयर संचालन शिर्षकबाट खर्च ब्यहोर्ने सर्वसम्मतले निर्णय गरियो।

**निर्णय नं ६**

शिक्षाको सर्सत अन्तर्गत शिक्षण सिकाइमा ICT को प्रयोगका शिर्षकमा सिद्ध कुमाख गाउँपालिका लागि प्राप्त अनुदान रकम यस गाउँपालिकाको वडा नं ५ स्थीत श्री नेपाल राष्ट्रिय माध्यामिक विद्यालय छापडाँडालाई प्रदान गर्ने सर्वसम्मतले निर्णय गरियो।